# चौतारा साँगाचोकगढी नगरपालिकाको ब्याक हो लोडर (Backhoe Loader)
# संचालन सम्बन्धी कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/१०/१९**

**पृष्ठभूमि :**

यस चौतारा साँगाचोकगढी नगरपालिका स्तरका आफ्ना योजना लगायत नगरपालिका भन्दा बाहिर पनि नीजि तथा सार्वजनिक कार्यमा प्रयोग गर्ने गरी सडक लगायत घर घडेरी खार्ने, सम्याउने, खेलकुद मैदान बनाउने, नगरपालिका भित्र कुनै पनि समयमा आइ पर्ने पहिरो जस्ता विपद्को समयमा उक्त समस्या हल गर्ने, नगरपालिका क्षेत्रमा रहेका कच्ची तथा पक्की मोटरबाटोहरु निर्माण तथा बिग्रेको अवस्थामा मर्मत संभार गर्न लोडर आवश्यक देखिएकोले नगरपालिकाले खरिद गरे पश्चात् उक्त लोडर संचालन गर्न "ब्याक हो लोडर संचालन कार्यविधि, २०७९" वाञ्चनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौतारा साँगाचोकगढी नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१. यस कार्यविधिको नाम "ब्याक हो लोडर (Backhoe Loader) संचालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

१.२. यो कार्यविधि नगर कार्यपालिकाको बैठकले पारीत भएको मिति देखि लागू हुनेछ ।

१.३. यो कार्यविधि चौतारा साँगाचोकगढी नगरपालिका भित्र र नगरपालिका बाहिर समेत सम्झौता गरी योजनाको काममा प्रयोग गर्न सकिनेछ ।

**२. परिभाषा :**

**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा य कार्यविधिमा-**

२.१ "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकालाई जनाउने छ ।

२.२ "लोडर" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका मातहत रहेको ब्याक हो लोडर (Backhoe Loader) लाई सम्झनु पर्छ ।

२.३ "चालक र सहचालक" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका मातहतको रहेको ब्याक हो लोडर (Backhoe Loader) को चालक र सहचालकलाई सम्झनु पर्छ ।

२.४ "निर्माण कार्य" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्र भित्रको सडकको निर्माण, स्तरोन्नति लगायतको ढुंगा माटो खन्ने तथा सम्याउने कार्यलाई सम्झनु पर्छ ।

२.५ "लोडरको भाडा" भन्नाले नगरपालिका स्तरका आफ्नो योजना लागायत नगरपालिका भन्दा बाहिर पनि नीजि तथा सार्वजनिक काममा प्रयोग गर्न सकिने छ । सडक लागायत घर घडेरी खार्ने सम्याउने, खेलकुद मैदान बनाउने कामका लागि पनि भाडामा दिइ सञ्चालन गर्न सकिनेछ । यसरी भाडामा कोही कसैलाई डोजर तथा लोडर प्रयोग गर्न दिए बापत नगरपालिका र माग कर्ता बीच दुई पक्षीय सम्झौता गरी सञ्चालन गरिनेछ । यसरी डोजर लोडर सञ्चालन गर्दा प्राप्त हुने रकमलाई लोडरको भाडा हो र नगरपालिकाको आन्तरिक स्रोतमा जम्मा हुनेछ भनी बुझ्नु पर्नेछ ।

२.६ "लोडर सञ्चालन कोष" भन्नाले नगरपालिकाले सञ्चालन गर्ने हरेक योजना बाट पाँच प्रतिशत रकम र नगरपालिकाको आफ्नो योजना भन्दा बाह्य योजनामा काम गरे वापत प्राप्त हुने रकम समेत साधनको मर्मत संम्भार तथा चालक सहचालकको घाउँ चोटपटकमा उपचार गर्न र क्षमता अनुसार यस्ता सेवामुखी साधन खरीद समेतमा यो कोषको प्रयोग हुने छ । जसलाई लोडर सञ्चालन कोष भनिने छ ।

## ३. लोडर सञ्चालन प्रकृया :

३.१ नगरपालिका भित्र निर्माण हुने सडक लगायतको निर्माण कार्यका लागि नगरपालिकामा रहेको ब्याक हो लोडर (Backhoe Loader) सञ्चालन गर्नेछ ।

३.२ भौतिक निर्माणमा प्रयोग हुने लोडर सञ्चालन तथा व्यवस्थापन समिति निम्न अनुसार हुनेछ :-

| | |
|---|---|
| पूर्वाधार विकास समिति संयोजक | संयोजक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| आर्थिक विकास शाखा | सदस्य |
| वन वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

***नोटः*** *यो समितिले समस्याको प्रकृति हेरेर प्राकृतिक प्रकोप जस्तो कार्यमा आकस्मिक सेवा तत्काल उपलव्ध गराउन सक्ने छ । यस्तो सेवाका लागि नगरपालिकाको बिना स्वीकृति पछि अनुमोदन गराउने गरी प्रयोग गर्न सक्ने छ ।*

३.३ लोडरको प्रयोग गर्दा हुन सक्ने क्षतिलाई मध्य नजर गरेर सो यन्त्रको मर्मत संम्भारमा र उक्त कार्यमा संलग्न चालक तथा सहचालकलाई लाग्न सक्ने घाउ चोटपटकको उपचार तथा सो यन्त्र सञ्चालनका क्रममा दिवंगत समेत हुन सक्ने कुरा समेतलाई मध्यनजर गरी चालकको परिवारलाई उपलव्ध गराउने राहत सहयोगको लागि समेत यो कोषको प्रयोग हुनेछ ।

३.४ लोडर आफ्नो पालिकाको कामको अलवा अरु नै व्यक्ति वा निर्माण कम्पनीलाई भाडामा दिँदा एक आपसमा सम्झौता गरेर मात्र उपलब्ध गराउनु पर्ने छ । अरुलाई भाडामा दिनु परेमा पालिकाको पूर्व स्वीकृति लिएर वा अनुमोदन गराउने गरी सञ्चालक समितिले दिन सक्नेछ । यस्तो अवस्थामा भने इन्धनको व्यवस्था स्वयं योजना सञ्चालकले गर्नु पर्नेछ । चालकको दैनिक भत्ता पनि योजना सञ्चालकले नै गर्नेछ ।

३.५ नगरपालिका बाहेक अन्य व्यक्ति वा कम्पनिलाई भाडामा दिँदा बिग्रिएमा सामान्यतया पालिकाले व्यहोर्ने छ, तर लार्पाबाहीका कारण बिग्रे भत्केको अवस्थामा भने योजना सञ्चालकले क्षतिको दायित्व व्यहोर्नु पर्नेछ ।

३.६ मर्मत सम्भारको सम्पूर्ण काम सेवा कोषबाट गरिनेछ ।

## ४. चालकको सेवा सुबिधा सम्वन्धी व्यवस्था :

४.१ चालकको तत्कालका लागि करारमा नियुक्त गरिने छ र आवश्यकताका आधारमा म्याद थप गर्न सकिने छ ।

४.२ ब्याक हो लोडर (Backhoe Loader) चालकले उक्त साधन सञ्चालकलाई मासिक तलब भत्ता नगरपालिकाले आर्थिक ऐनको सिमा भित्र रही आपसी समझदारीमा तय गर्नेछ ।

४.३ नगरपालिकाको आन्तरिक कामको अलवा भाडामा दिएर काम गराउँदाको अवस्थामा पाउने दैनिक भत्ता बापतको रकम आपसी समझदारीमा तय गरी योजना सञ्चालकले उपलव्ध गराउनु पर्नेछ ।

४.४ विशेष अवस्था उत्पन्न भै चालकले नियमित रुपमा गाडी चलाउन असमर्थ भएमा निश्चित समयका लागि अन्य चालकको व्यवस्था गर्न सकिने छ ।

४.५ ब्याक हो लोडर (Backhoe Loader) चालकको सेवा सुबिधा समयानुकुल आपसी समझदारीमा परिमार्जन गर्न सकिनेछ ।

**५.	लोडर को भाडादरको व्यबस्था :**

(क)	नगरपालिकाले भाडामा ब्याक हो लोडर (Backhoe Loader) सञ्चालन गर्न दिँदा स्थानीय प्रचलित भाडा अग्रिम जम्मा गरेपछि मात्र लोडर पठाइने छ। लोडरको घण्टा नगरपालिका परिसरबाट साईटमा जाने देखि नगरपालिका परिसर आँउदा सम्मको घण्टा कायम हुनेछ।

(ख)	लोडर तथा डोजरको व्यवसायिक प्रयोजन बाट प्राप्त हुने रकम डोजर लोडर सञ्चालन कोष यस्तो कोषको खाता सञ्चालन गर्दा नगरपालिकाले छुट्टै विशेष खाता सञ्चालन गर्नेछ।

**६.	वीमा सम्वन्धी व्यबस्था :**

**६.१** लोडर सञ्चालनका क्रममा चालक, सहचालक र अन्य कुनै तेश्रो व्यक्तिमा पर्न सक्ने दुर्घटनालाई मध्य नजर गरेर नगरपालिकाले वीमाको व्यवस्था गर्नेछ। सम्भावित घट्ना पश्चात्को क्षतिपुर्ति वीमामा व्यवस्था गरे अनुसार मात्र हुनेछ ।

**६.२** लोडर चालकको वीमा गरेको कुरा चालक र उपभोगकर्तालाई जानकारी गराउनु पर्नेछ।

**७.	बाधा अड्काउ फुकाउ :**

**७.१** लोडर सञ्चालनका क्रममा बाधा अड्काउ उत्पन्न भएमा नगरपालिकाले लोडर सञ्चालन कार्यविधि, नगर कार्यपालिकाले सञ्चालन समति सँगको परामर्शमा आवश्यक संसोधन गर्न सक्ने छ।